नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.con
URL: daogorkha.moha.gov.np

मिति: २०७८।०४।०८

## प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड- १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस कार्यालयबाट आदेश जारी हुदैँ आएकोमा सुरुका दिनहरु भन्दा हालका दिनमा जिल्लाभित्र कोरोना संक्रमण दर, मृत्युदर आदिमा क्रमिक रुपमा कमी आएतापनि संक्रमण दर र प्रकोप अपेक्षाकृत नियन्त्रणमा आइनसकेको हुदाँ जारी निषेधाज्ञालाई केही सहज बनाई मिति २०७८।०४।०८ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को निर्णय समेतको आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ,संक्रामक रोग ऐन, २०२० दफा २ तथा कोभिड संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ बमोजिम मिति २०७८।०४।९ गते राती १२:०० बजे देखि २०७८।०४।२४ गते राती १२:०० बजेसम्म गोरखा जिल्लाभर लागु हुने गरी देहाय बमोजिमको निषेधाज्ञा जारी गरिएको छ।

### देहायः

१. अत्यावश्यक काम परी घर बाहिर निस्कनै पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने र निर्धारित जनस्वास्थ्यको मापदण्ड पालना गर्ने।

२. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, भेला, जात्रा, महोत्सव गर्न निषेध गर्ने।

३. एम्बुलेन्स, शववाहन, दमकल, खाद्य सामग्री, पशुपन्छी तथा पशुपन्छीको दाना, तरकारी, फलफूल, दुग्ध पदार्थ, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधन, निजामती कर्मचारी,बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने क्रममा प्रयोग गर्ने सवारी साधन (कर्मचारी परिचयपत्र र पोशाकको आधारमा आवतजावत गर्न पाउने),औषधी तथा स्वास्थ्य सेवाका सामग्री बोकेको सवारी साधन, कृषिजन्य सामग्री( मल,विउ विजन) बोकेको सवारी साधन, निर्माण सामग्री बोकेको सवारी साधन, झण्डावाहक सवारी साधन, प्रेस पास प्राप्त सवारी साधन, अत्यावश्यक सरकारी कामकाजको लागि प्रयोग हुने सरकारी सवारी साधनहरु स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गरी निर्वाध रुपमा संचालन हुने।

४. देहाय बमोजिम गर्ने गराउने गरी निजी तथा सार्वजनिक यातायात जिल्लाभित्र मात्र संचालन गर्ने।
   क) गोरखा जिल्ला भित्र संचालन हुने निजी तथा सार्वजनिक सवारी साधनहरुले सवारी साधन संचालन गर्दा स्वीकृत सीट क्षमता भन्दा बढी यात्रु नराख्ने व्यवस्था मिलाउने, स्वीकृत स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गराउने, चालक सहचालक र यात्रुले अनिवार्य रुपमा माक्स, पञ्जा र फेससिल्डको प्रयोग गर्नुपर्ने, अनिवार्य रुपमा दैनिक सवारी साधन निंसक्रमित गराउनु पर्ने र सो बमोजिम व्यवस्था पालना भए नभएको अनुगमन सम्बन्धित यातायात व्यवसायी संस्थाले मिलाउने।

५. विश्वविद्यालय, लोकसेवा आयोगको परीक्षा अत्यावश्यक कामको लागि आवागमन गर्ने व्यक्तिहरुको सहजताको लागि मध्यम तथा लामो दुरीको सवारी साधनहरु निश्चित संख्यामा सम्बन्धित यातायात व्यवसायी संघ संस्थाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयको सहजीकरणमा संचालन गर्न सक्ने। यसरी सवारी साधन संचालन गर्दा सि. नं. ४ (क) मा उल्लेखित स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

६. विश्वविद्यालय, क्याम्पस एवं माध्यमिक विद्यालयहरुले पूर्व निर्धारित परीक्षाहरु नेपाल सरकार कोभिड- १९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०४।०३ गतेको परीक्षा संचालन सम्बन्धमा अपनाउनुपर्ने सावधानीका उपायहरु कडाईका साथ पालना गर्ने गरी पूर्ण रुपमा स्वास्थ्य मापदण्ड पुरा गरी भौतिक दुरी कायम गरी संचालन गर्न सक्ने।

७. मठ, मन्दिर, गुम्बा, मस्जिद मदर्सा, चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना बाहेकका अन्य कार्यहरु नगर्ने, नगराउने।

८. क्याम्पस, विद्यालय लगायत सवै शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरुबाट भौतिक रुपमा उपस्थित भई हुने पठनपाठन लगायतका शैक्षिक गतिविधिहरु संचालन नगर्ने।

९. संग्रहालय, रंगशाला, कवर्ड हल, फुटसल, खेलकुद मैदान, पार्टी प्यालेस, सिनेमा हल, डान्स सेन्टर,व्युटी पार्लर, शैलुन, जिमखाना संचालन नगर्ने, नगराउने

१०. विवाह, ब्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरु पार्टी प्यालेस तथा होटलमा संचालन गर्न नपाइने। पूर्व निर्धारित विवाह, ब्रतबन्ध र अन्य संस्कारजन्य कार्यक्रम आफ्नै घर परिसरमा संचालन गर्दा तोकिएको स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गरी २५ जना भन्दा बढी सहभागी हुन नपाइने।



२०७८।०४।०८